# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल
Website: www.mahabumun.gov.np
Email: mahabugaupalika74@gmail.com

प.स. - २०८२/०८३
च.नः- १६३०

मिति-२०८३/०२/२७

विषयः अशुल गर्नु पर्ने बेरुजु दाखिला गर्ने सम्बन्धमा ।

श्री सरोकारवाला सबै,

प्रस्तुत विषयका सम्बन्धमा महाबु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दैलेखले आर्थिक वर्ष २०७४।७५ देखि हाल सम्मको जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी र संघ संस्थाहरुलाई अशुल उपर गर्नु पर्ने बेरुजु संचित कोषमा दाखिला गर्न पटक पटक पत्राचार भई सकेको छ । हाल सम्म पनि कतिपय पुर्व जनप्रतिनिधि, पुर्व कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी र संघ संस्थाहरु बेरुजु दाखिला गर्ने कार्य भएको छैन । भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं ४२२ मिति २०८३।०२।१८ गतेको अशुल उपर गर्ने बेरुजु तत्काल दाखिला गराउन परिपत्र भएको हुदाँ आफ्नो नाममा रहेको बेरुजु तत्काल गाउँपालिकाको आर्थिक प्रशासन शाखा संग सम्पर्क गरी दाखिला गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि सूचना प्रकाशन गरिएको छ । यसरी अशुल उपर गर्ने बेरुजु दाखिला नगरेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४७ र नियमावली, २०७७ को नियम ११२ बमोजिम सरकारी बाँकि सरह अशुल उपरका लागि कुमारीचोक तथा केन्द्रिय तहशिल कार्यालयमा पठाइने बेहोरा समेत जानकारी गराइन्छ ।

खगेन्द्र कुमार विसी
बरिष्ठ लेखा अधिकृत

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकत

**सादर अवगतार्थ**

श्री गाउँपालिका अध्यक्ष ज्यू ।

श्री गाउँपालिका उपाध्यक्ष ज्यू ।

**बोधार्थ**

श्री सम्पूर्ण वडा अध्यक्षज्यू हरु सबै : तहाँ वडा अन्तर्गतका उपभोक्ता समितिहरुलाई जानकारी गराउन हुन ।

श्री शाखा प्रमुखहरु सबै : आफ्नो शाखा संग सम्बन्धी बेरुजु अशुलका लागि आवश्यक कार्वाही गर्नहुन ।